“कृषिमा आधुनिकीकरण, पर्यटन पूर्वाधार, सामुदायिक शिक्षामा सूधार र समावेशीता र सुशासनको माध्यम द्वारा दुहुँ गाउँपालिकाको समृद्धी”

“स्वचछ दुहुँ, सुन्दर दुहुँ, समृद्ध दुहुँ”

बार्षिक नीति तथा कार्यक्रम

आर्थिक वर्ष २०७८।०७९

दुहुं गाउँपालिका
२०७३

दुहुँ गाउँपालिका
हिकिला दार्चुला

२०७८ साल अषाढ १० गते

खण्ड १- परिचय र समिक्षा

दुहुँ गाउँपालिकाको आठौँ गाउँसभाका अध्यक्ष ज्यू,
गाउँ सभाका सदस्यहरु,
सम्पूर्ण कर्मचारीहरु,
उपस्थित सम्पूर्ण बुबा आमा दाजुभाई तथा दिदिबहिनिहरु ।

नेपालको संविधान, २०७२ जारी भई कार्यान्वयनमा आए पश्चात तीन तहको राज्य संरचना अनुरुपको स्थानीय तहको रुपमा रहेको यस दुहुँ गाउँपालिकाले नेपालको संविधान २०७२,विद्यमान ऐन तथा कानुन बमोजिम वार्षिक बजेट स्वीकृत गरी कार्यक्रमहरु कार्यान्वयन गरेको चार वर्ष पुरा भएको छ ।

यस पुनित घडीमा सम्पुर्ण ज्ञात अज्ञात सहिदहरु, लोकतान्त्रिक आन्दोलनका अग्रज व्यक्तित्वहरु प्रति सम्मान प्रकट गर्दै, यस अवधिमा दुहुँ गाउँपालिकालाई सवै तवरले सहयोग गर्नु हुने, आदरणीय दुहुँ गाँउ पालिका वासी सम्पुर्ण जनसमुदायहरु प्रति कृतज्ञता र धन्यवाद प्रकट गर्दछु । साथै विश्वव्यापी रुपमा फैलिरहेको कोभिड – १९ को महामारीमा परि दुहुँ गाउँपालिकाको गाउँसभा सदस्य श्री दिलबहादुर बम लगायत दुहुँ गाउँपालिकाका ४ जनाको कोभिडका कारण दुखद मृत्यु भएको छ , उहाँहरु प्रति श्रन्द्वान्जली तथा कोभिड संक्रमित नागरिकहरुको स्वास्थ्य लाभको कामना गर्दछु ।

समुन्नत तथा दिगो विकास सहितको समृद्धी भन्ने सोचका साथ दुहुँ गाउँपालिकाले चार पटक नीति तथा कार्यक्रम र वजेट सार्वजनिक गरिसकेको छ । वार्षिक नीति तथा कार्यक्रम र वजेटको उद्देश्य पुरा गर्न गाउँ सभाले आर्थिक, सामाजिक , पूर्वाधार ,सुशासन लगायतका क्षेत्रहरुमा विभिन्न कार्यक्रमहरु तय गरी कार्यन्वयन गरि रहेको छ । अगामी आ.व. को वार्षिक नीति तथा कार्यक्रम र बजेट निर्माणको पृष्ठभूमीमा चालु आ.व.को वार्षिक नीति तथा कार्यक्रमको समिक्षा सहित आ.व. २०७८।०७९ को वार्षिक नीति तथा कार्यक्रम यस गरिमामय गाउँ सभामा पेश गर्ने अनुमती चाहन्छु ।

१. चालू आ.व. को नीति तथा कार्यक्रमको समिक्षा

(क) **आर्थिक क्षेत्रः** चालू आ.व. मा कृषि, पशु, उद्योग, सहकारी र पर्यटन क्षेत्रमा रकम विनियोजन गरी कृषि पकेट क्षेत्र निर्धारण, प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना, पशु सेवा प्रसार, गरीवी निवारणका लागि लघु उद्यम बिकास, साहसिक पर्यटन पूर्वाधार जस्ता कार्यक्रमहरु कार्यान्वयन भइरहेका छन ।

- कृषि क्षेत्रमा प्रधानमन्त्री कृषि आधुनिकिकरण कार्यक्रम तर्फ ३ वटा आलु पकेट क्षेत्र र ३ वटा तरकारी पकेट क्षेत्रहरु संचालित छन जसमा १४५ जना किसानहरुको सहभागीता रहेको छ ।
- गाउँपालिकाको एक वडा एक उत्पादन कार्यक्रममा १५० जना कृषक सहभागी रहेका छन ।
- पशु क्षेत्रमा प्रधानमन्त्री कृषि आधुनिकिकरण कार्यक्रम अन्तरगत एक वटा बाख्रा पकेट क्षेत्र संचालित छ जसमा २४ सहभागी छन ।
- गाउँपालिकाको गाईपालन कार्यक्रम अन्तरगत ३० जना कृषक सहभागी भएका छन ।

कार्यक्रमका सवल पक्षहरुः

१) तरकारी उत्पादन र उपभोग बढेको छ।
२) तरकारीमा व्यवसायिकता बढेको छ।
३) बाख्रापालनपालनमा व्यवसायिकता वढेको छ।
४) पशु स्वास्थ्य सुविधामा सहजता भएको छ।
५) कृषि र पशुपालनमा व्यवसायिक चेतनाको विकास भएको छ।
६) उद्यमशिलता सम्बन्धी दक्षता बढेको छ।

कार्यक्रमका चुनौतीहरुः

१) युवाहरुमा श्रम प्रति सम्मानको भावना जागृत गराउनु पर्नेछ।
२) उन्नत जातका पशु र विउविजन सहज उपलब्ध हुन सकेको छैन।
३) समयमा आधुनिक बिउ, उपकरण, वेर्ना उपलब्ध गराउन सकिएको छैन।
४) हाल फैलिरहेको कोरोना भाइरसका कारण तोकिएको समयमा आधुनिक विउ,उपकरण लगायत विभिन्न कार्यक्रमहरु समयमा गर्न सकिएको छैन।

(ख) **सामाजिक क्षेत्रः** शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाइ, संस्कृति पर्वद्धन, खेलकुद, बहुक्षेत्रीय पोषण कार्यक्रम, सामाजिक समावेशीकरण जस्ता क्षेत्रहरुमा रकम विनियोजन गरी, कक्षा कोठामा शिक्षक विद्यालयमा अभिभावक कार्यक्रम, विद्यालय भौतिक संरचना निर्माण, आङ खसेका महिलाको निशुल्क अपरेशन, स्वास्थ्य संस्था पूर्वाधार निर्माण, घुम्ती स्वास्थ्य सिवर, जेष्ठ नागरिक स्वास्थ्य जाँच तथा औषधी वितरण, खा.पा. योजना निर्माण तथा मर्मत, मन्दिर निर्माण तथा मर्मत, लक्षित वर्ग कार्यक्रमहरु संचालित रहेका छन।

१) विभिन्न विद्यालयहरुमा २० वटा कक्षाकोठा,ल्याब,ICT ल्याब,शौचालय,खेलमैदान,पुस्तकालय,फर्निचर निर्माण भएकोछ।
२) कोभिडको महामारीका विचपनि स्वास्थ्य सुरक्षा सहित पठन पाठन भएको छ।
३) १० सैय्या अस्पतालको जग्गा प्राप्त गरि भवन निर्माणको ठेक्का सम्झौता सम्पन्न भएको छ।
४) २ वटा स्वास्थ्य चौकी भवन,१ स्वास्थ्य चौकी केन्द्र भवन निर्माण भएको छ।
५) सबै स्वास्थ्य चौकीहरुमा बर्थिङ सेन्टर स्थापना भएको छ।
६) कोभिड नियन्त्रण रोकथाम गर्न प्रभावकारी जिम्मेवारी निर्वाह गरिएको छ।
७) २२ जनाको आङ अपरेशन गरिएको छ।
८) २ ओटा ठूला खानेपानी योजनाहर फारा खानेपानी तथा सरसफाई योजना र तुतु पासुँ खानेपानी योजनाहरु सम्पन्न भएका छन।

कार्यक्रमका सवल पक्षहरुः

१) विद्यालयहरुमा विषयगत शिक्षकहरुको समस्यामा सहजिकरण भएको छ।

२) विभिन्न विद्यालयहरुमा भौतिक पूर्वाधारको सुविधामा वृद्धी भइ सिकाईको अनुकुलता सृजना भएको छ।

३) कोभिड – १९ नियन्त्रण तथा रोकथाम, आङ खसेका महिलाहरुको उपचार, दिर्घरोगी औषधी उपचार, राहत जस्ता कार्यक्रमहरुले जनताको स्वास्थ्य सुरक्षा बढाएको छ।

४) विकट बस्तिहरुमा स्वास्थ्य सेवा विस्तार भएको छ।

५) खानेपानी तथा सरसफाईमा सुगमता भएको छ।

(ग) **पूर्वाधार क्षेत्रः** स्थानिय सडक, बाटो, कार्यालयको प्रशासनिक भवन, सिंचाइ, लघुउर्जा जस्ता पूर्वाधार विकासका क्षेत्रमा रकम विनियोजन गरी, गाँउपालिका अध्यक्ष सडक निर्माण कार्यक्रम, पिसिसि वाटो निर्माण, साना सिंचाइ जस्ता कार्यक्रमहरु संचालनमा रहेका छन। प्रशासकीय भवनको निर्माण कार्य सुरु भएको छ। वडा नं. ५ को प्रशासनिक भवन निर्माण भएको छ। जोशीगाउँ बारबाज फारा सडकको ९ कि मि ट्याक खोलिएको छ। हिकिला शिद्बटोपी, गरमोरा सुत्खोला सडक, गुना सडक, १० सैय्याको अस्पताल जाने सडक, गाउँपालिकाको प्रशासकीय भवन जाने सडक, ३ नं. वडा कार्यालय जाने सडकहरु निर्माण भइरहेका छन।

कार्यक्रमका सवल पक्षहरुः

१) दुहुँ गाउँपालिका वडा नं. ४ फारा सम्म सामान ढुवानीमा सुगमता भएको छ।

२) स्वास्थ्य संस्थाहरुमा संरचनागत सुधार भएको छ।

(घ) **वन वातावरण तथा विपद व्यवस्थापन क्षेत्रः**विश्वभर फैलिएको कोरोना भाइरसको रोकथाम नियन्त्रणका लागि विपद व्यवस्थापन कोषलाई प्रभावकारी रुपमा संचालनमा ल्याइएको छ, नर्सरी निर्माण, ढल निकास, नर्सरी स्थापना जस्ता कार्यक्रमहरु संचालित रहेका छन।

कार्यक्रमका सवल पक्षहरुः

१) गत वर्षको मनसुन वर्षाका कारण घर ध्वस्त भएका ७ घरपरिवार लगायत आशिंक क्षति भएका परिवारहरुलाई गाउँपालिकाले राहत उपलब्ध गराएको छ र पूर्ण घर क्षति भएका घरपरिवारलाई घर पुनर्निर्माण गर्न संघ, प्रदेश र स्थानीय तहको साझेदारीमा रु ५ लाख ५० हजार उपलब्ध गराउने कार्य अन्तिम चरणमा पुगेको छ।

२) विपद पूर्वको सजगता वढेको छ।

३) विपद वाट क्षतिग्रस्त संरचना खानेपानी, बाटोघाटो, विद्यालय भवन पुर्ननिर्माण गरिएको छ।

(ङ.) **संस्थागत बिकास सेवा प्रभाव र सुशासनः** गाउँपालिकाको डिजिटल भिलेज प्रोफाइल तयार भएको छ। सुचना प्रभाव, सार्वजनिक सुनवाई, सार्वजनिक परीक्षण, तथ्याकं संकलन र व्यवस्थापन कार्यक्रम संचालित रहेका छन भने केही कार्यक्रमहरु बन्दाबन्दीका कारण समयमा गर्न सकिएको छैन।

कार्यक्रमका सवल पक्षहरुः

१) गाउँपालिका भित्र बसोबास गर्ने सम्पुर्ण परिवारको व्यक्तिगत विवरण, संरचनागत विवरण दुरुस्त भएको छ।

२) गाउँपालिका, वडा कार्यालयहरु बाट, योजना र कार्यक्रमहरुमा सार्वजनिक सुनवाई अनिवार्य गरिएको छ।

दुहुँ गाउँपालिका

3) योजनाहरुमा आर्थिक लेनदेनको प्रवृति शुन्यमा झरेको छ।

(च) अन्य कार्यक्रमहरु:

१) वडा अध्यक्ष टोल सुधार कार्यक्रम सहयोगी संस्था सि.आर.डि.एस. मार्फत संचालन गरिएको छ। यसमा अपेक्षाकृत उपलब्धी हासिल गरिएको छ।

२) कर्मचारी तथा जनप्रतिनिधिहरुलाइ अनुशिक्षण कार्यक्रम गरिएको भएतापनि नयाँ कर्मचारीहरुलाई सेवा प्रवेश तालिम लगायत आधारभूत तालिम दिन नसकिएको अवस्था छ। उक्त तालिमहरुलाई कार्यान्वयनमा ल्याइने छ।

३) राष्ट्रिय विद्युत प्रसारण लाइन जडानका लागि एच.टी. लाइन र एल.टी. लाइन वडा नं. १ मा जडान भैसकेको र वडा नं. ५ सुत्खोला लगायतका क्षेत्रमा लाईन विस्तार गर्न भइरहेको ढिलाई बारे सम्बन्धित निकायलाई पटक पटक ध्यानआक्रषण गरिएको छ र थप दवाव गरी समयमा विद्युत विस्तार गर्न पहल गरिनेछ।

४) वडा नं. ३ मा रहेको श्री जनविकास मा वि बारबाजमा विद्यालय र गाउँपालिकाको साझेदारीमा खेलमैदान निर्माण भएको छ।

खण्ड २-अगामी आ.व. २०७७/०७८ को नीति तथा कार्यक्रम

२.१ सोच

क. “दिगो पूर्वाधार विकास,कृषिमा व्यवसायिकता,शिक्षा,स्वास्थ्यमा जवाफदेहिता,युवा श्रमशिलता र सुशासनको माध्यम द्वारा दुहुँ गाउँपालिकाको समृद्वी”। भन्ने सोचका साथ दुहुँ गाउँपालिका अगाडी बढेको छ।

ख. “स्वच्छ दुहुँ, सुन्दर दुहुँ, समृद्ध दुहुँ” को नारा समेत हाम्रो आधारभूत सोच रहेको छ।

२.२ लक्ष्य

क. खाद्य बालीमा आत्मनिर्भरता, तरकारी, फलफुल, पशुपालनमा व्यवसायिकताको माध्यम द्वारा प्रति व्यक्ति आम्दानीमा बृद्धी गर्ने।

ख. सामुदायिक शिक्षा र स्वास्थ्य सेवामा जवाफदेहिता,योजनावद्ध पर्यटकीय र पूर्वाधार विकास र समावेशीता प्रशासनमा सुशासनको माध्यम द्वारा दिर्घकालीन आर्थिक समृद्धी प्राप्त गर्ने।

२.३, उद्देश्य

क.महामारी नियन्त्रण तथा रोकथामको लागि संरचना र स्रोत व्यवस्थापन सहित आम नागरिकको स्वास्थ्य सुरक्षा गर्ने।

ख. युवाहरुलाई उत्पादन र व्यवसायमा संलग्न गराई स्वरोजगारी सृजना गर्ने।

ग. स्थानिय सडकहरुको निर्माणकार्यमा तिव्रता, संघीय सडकको स्तरोन्नती गरी सडक नेटवर्कलाइ आर्थिक उन्नतीको आधार वनाउने।

घ. विद्यालयहरुको भौतिक सुधार गरी, सामुदायिक विद्यालयहरुको गुणस्तर सुधारमा सरोकार वालालाइ जवाफदेही वनाउने।

ङ. सम्भावित बन्दाबन्दीको समयमा हुने शैक्षिक क्षति न्युनिकरणका लागि वैकल्पिक सिकाई व्यवस्थापन गर्ने।

च. कृषि, लघु उद्यम, पर्यटन जस्ता आय मुलक क्षेत्रहरुमा युवाहरुलाइ संलग्न गराइ स्वरोजगारी सृजना गर्ने।

छ. महिला, दलित, अपाङ्गहरुका लागि आर्थिक सशक्तिकरणका कार्यक्रमहरु संचालन गरि आत्मनिर्भर वनाउने।

ज. खानेपानी अभाव भएका क्षेत्रहरुमा खानेपानी योजना संचालन गर्ने र पूर्व निर्मित खानेपानी योजना हरुलाइ व्यवस्थित गरि आधारभूत खानेपानी सुविधा सुनिश्चित गर्ने।

२.२ बार्षिक नीति तथा कार्यक्रम र वजेट तर्जुमा गर्दा अवलम्वन गरिएका नीति तथा आधार

क) नेपालको संविधानले प्रत्याभुत गरेका मौलिकहकहरु, राज्यका निर्देशक सिद्धान्त र नीतिहरु।
ख) स्थानीय सरकार संचालन ऐन, २०७४
ग) राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४
घ) अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
ङ) संघीय, प्रादेशिक नीति कार्यक्रम तथा वजेट २०७५
च) स्थानीय तहको वार्षिक योजना तथा वजेट तर्जुमा दिग्दर्शन, २०७४(परिमार्जन)
छ) स्रोत साधन
ज) दुहुँ गाँउपालिकाका जनताहरुका अपेक्षा, आवश्यकता, माँग र सुझावहरु

आदरणीय उपस्थित गाउँसभा सदस्य ज्यूहरु !

दुहु गाउँपालिकालाई प्राप्त भएका सबै सम्भावना र अवसरहरूलाई सम्पत्तीको रूपमा ग्रहण गर्दै वार्षिक नीति तथा कार्यक्रम तर्जुमा गर्दा अवलम्बन गरिएका प्रमुख आधारहरुको जगमा टेकेर “स्वच्छ दुहुँ, सुन्दर दुहुँ, समृद्ध दुहुँ” दुहुँ गाउँपालिका निर्माण गर्ने प्रतिबद्धताका साथ अब म दुहु गाउँपालिकालको आगामी वर्षको वार्षिक मुख्य मूख्य क्षेत्रका नीति तथा कार्यक्रमहरू प्रस्तुत गर्दछु।

१. नेपालको संविधान वमोजिम केन्द्र,प्रदेश तथा स्थानीय सरकारबीच समन्वय,सहकार्य र सहअस्तित्वकव सिद्वान्तका आधारमा “कृषिमा आधुनिकीकरण, पर्यटन पूर्वाधार, सामुदायिक शिक्षामा सूधार र समावेशीता र सुशासनको माध्यम द्वारा दुहुँ गाउँपालिकाको समृद्धी” को महान अभियानलाई सार्थकता प्रदान गर्ने दिशा तर्फ सम्पूर्ण विकास निर्माणका क्रियाकलापहरु अगाडी बढाइनेछ। स्थानीय जनतालाई प्रभावकारी स्थानीय सरकार को अनुभूति गराउन सरकारी निकायको पहुँच तथा संस्थागत सबलिकरणमा जोड दिइनेछ। आगामी आर्थिक वर्षलाई “स्वच्छ दुहुँ, सुन्दर दुहुँ,समृद्ध दुहुँ” निर्माण कार्यलाई सार्थकता दिने वर्षको रुपमा लिइनेछ।

२. तीनै तहका सरकार,सरकारी तथा गैर सरकारी संस्था लगायत समुदायस्तरमा साझेदारी गरि विश्वव्यापी महामारीको रुपमा देखा परेको कोरोनाको सक्रमणलाई रोकथाम तथा न्यूनिकरण गर्न अधिकतम प्रयास गरिने छ। कोरोनाका कारण रोजगारी गुमाएका स्थानीय युवालाई लक्षित गरि युवा वर्गमाझ स्वरोजगारीका अवसरहरु सृजना गर्न उपाध्यक्ष युवा स्वरोजगार कार्यक्रमलाई अझ व्यापक रुपमा संचालन गरिनेछ।

३. दुहुँ गाउँपालिकाको योजनाबद्व रुपमा सबै क्षेत्रको सन्तुलित विकासका लागि चालु आर्थिक वर्षमा तयार गरिएको दुहुँ गाउँपालिकाको गुरुयोजना अनुरुपका कार्यक्रमहरु कार्यान्वियनमा जोड दिइनेछ।

४. गाउँकार्यपालिकाको केन्द्रीय प्रशासकीय भवन तथा वडा कार्यालय भवन निर्माण कार्यलाई संघीय तथा प्रदेश सरकारसंगको समन्वयमा तीव्रता दिइनेछ। गाउँपालिका क्षेत्र भित्रका सबै स्वास्थ्य संस्थाहरुको भौतिक पूर्वाधारको विकास,सम्भार र संचालनको उचित व्यवस्था मिलाइनेछ।

५. सुगम दुहुँको पहिचान बनाउन दार्चुला तिंकर सडकलाई कालोपत्रे गर्न जोडदार पहल गरिनेछ। शाखा सडकहरु,केन्द्र जोड्ने र वडा जोड्ने सडकहरुको स्तरोन्नती गरि जनताको जीवनशैलीमा सुधार ल्याइनेछ।

६. दुहुँ गाउँपालिकाको लागि केन्द्रीय विद्युत लाइन जडानको कार्य प्रारम्भ भइसकेको हुदा सबै टोल बस्तीमा रहेका घरधुरीलाई राष्ट्रिय विद्युतीकरण अन्तरगत विद्युत सेवामा पहुँच स्थापित गर्न आवश्यक पहल गरिनेछ।

दुहुँ गाउँपालिका

७. उद्देश्य मिल्ने सहकारी संस्थालाई मर्जर गर्दै सहकारी संस्थाहरुको व्यवस्थापन क्षेत्रमा आवश्यक सहयोग गरिने छ। साथै मर्ज भएका सहकारीहरुको व्यवसाय करमा छुट दिइनेछ।
८. साना घरेलु तथा परम्परागत उद्योग व्यवसायलाई प्रवर्द्धन गर्न दर्ता तथा नवीकरण दस्तुरमा छुट दिइनेछ।
९. स्थानीय सिपलाई आधुनिकीकरण र व्यवसायीकरण गर्न तथा स्थानीय सीपमा आधारित श्रममूलक घरेलु तथा साना उद्यमीलाई प्रोत्साहन गर्न उद्यमशील कर्जामा व्याज अनुदान कार्यक्रम कार्यान्वयनका लागि प्रयास गरिनेछ।

१) कृषि तथा पशुपालन सम्बन्धी नीतिः

१. तरकारी,फलफूल,बाख्रा,गाई भैसीँ,पकेट क्षेत्रहरुको माध्यमद्वारा किसानहरुलाई व्यवसायिक कृषि तिर उन्मुख गराइनेछ।
२. **युवा फर्क माटो तिर** कार्यक्रमको माध्यम द्वारा युवाहरुलाई वडा वडाहरुमा संभाव्यताको आधारमा कृषि र पशुपालनमा सहभागी गराई स्वरोजगारी सृजना गरिनेछ।
३. व्यवसायिक कृषि उत्पादनमा संलग्न कृषकहरुले उत्पादन गरेका उपजहरु बजारीकरणका लागि पहिचान सहितको ढुवानी अनुदान उपलब्ध गराइ प्रोत्साहन गर्ने नीति अवलम्वन गरिनेछ।
३. कृषि क्षेत्रको उत्पादन वृद्धी गर्न आधुनिक सिंचाइ, मल विउ ढुवानी, वाली बिकास, कृषि प्रसारकार्यक्रम संचालन गरि खाद्यवालीमा आत्म निर्भरता हासिल गर्न विभिन्न प्रकारका अनुदान दिइने नीति लिइने छ।
४. कृषि उपजहरुको वजारिकरण र भण्डारणको लागि कृषि संकलन केन्द्र, हाटवजार, मिनि कोल्ड चेन सेन्टर स्थापना तथा वजारीकरणको लागि पहिचान सहितको अनुदान उपलब्ध गराइनेछ।
५. उत्कृष्ठ किसान व्यवसायीलाई दुहुँ आइकनको रुपमा पुरुस्कृत गरिने छ।
६. व्यवसायिक रुपमा कृषि पैदावारको उत्पादन र प्रसोधन गर्न तथा उच्च मुल्य प्राप्त गर्न सहकारी, समुह र व्याक्ति लाई मल विऊ विरुवा खरिदमा अनुदान उपलब्ध गराईने र पुजिगत अनुदानको समेत व्यवस्था मिलाईने छ।
७. कृषि तथा पशु फर्महरुलाई फर्म नविकरण शुल्क छुट गरि प्रोत्साहित गरिने छ।
७. स्याउ जोन इकाई संग समन्वय गरी संम्भाव्य स्थानहरुमा स्याउ खेती विस्तार गरिने छ।
८. पालिका भित्र ओखर खेतीको संभावना भएका क्षेत्रहरुमा **द्वाले ओखर पकेट क्षेत्र** बनाई ओखर खेती विस्तार गरिने छ , पालिका स्तरमा बहुउद्धेश्यीय फलफूल नर्सरी स्थापना गरिनेछ।
९. गाउँपालिका, विषयगत कार्यालयहरू,परियोजना लगायत कृषि क्षेत्रमा काम गर्ने संघ–संस्था एवं अन्य निकायहरूको समन्वय र सहकार्यमा केही क्षेत्र पहिचान गरी अर्गानिक खेतीगर्न प्रोत्साहन गरिनेछ। दुहु गाउँपालिकालाई आर्गानिक खेती उन्मुख पालिकाको रूपमा विकास गर्ने नीति लिइने छ।
१०. पशु स्वास्थ्य सेवामा विस्तार, नस्ल सुधार,कृत्रिम गर्भाधान पशुआहारमा सुधार र पशु स्वास्थ्य सेवाको लागि प्राविधिक जनशक्तिको परिचालन मार्फत दुहु गाउँपालिकालाई पशुपालन क्षेत्रको रूपमा विकास गरी मासु तथा दुधको लागि आत्मनिर्भता तर्फ उन्मुख एवं प्रोत्साहन गर्ने कार्यलाई निरन्तरता दिइने छ।
११. कृषि तथा पशुपालन व्यवसाय लाई प्रभावकारी वनाउन कृषि तथा पशु स्वास्थ्य शिविरहरु नियमित रुपमा संचालन गरिने छन।
१२. कृषि बिमा तथा पशु बिमा कार्यक्रमलाई प्रोत्साहन गरिने छ।

दुहुँ गाउँपालिका

१४. एक बस्ती एक नमुना कृषक मार्फत गाउँपालिका भित्रका विभिन्न बस्तिहरुमा नमुना कृषक छनौट गरि विभिन्न कार्यक्रम संचालन गरिने छ।

२) वन, वातावरण तथा भू - संरक्षण सम्बन्धी नीतिः

- क. नविकरण नभएका सार्वजानिक वनलाई नविकरण गर्न सहयोग गर्ने नीति लिइनेछ।
- ख. सडक वरिपरि,नदितट तथा भू-क्षय हुने स्थानहरुमा वायोइन्जिनियरिङ कार्यक्रमको माध्यमद्वारा संरक्षण गर्ने नीति लिइनेछ।
- ग. भू –क्षय तथा प्राकृतिक प्रकोपको दृष्ट्रिकोणबाट संवेदनशील मानिएका तथा उच्च जोखिममा परेका क्षेत्रहरु लाई पहिचान गरि संरक्षणको लागि प्रवन्ध मिलाईने छ।
- घ. विपद न्यूनीकरण गर्न, राहत तथा पुर्ननिर्माणकार्यलाइ प्रभावकारीरुपमा अगाडी वढाउन विपद व्यवस्थापन कोष लाइ थप व्यवस्थित गरि निरन्तरता दिइने छ।
- ङ. सार्वजानिक वनहरुलाई वृक्षारोपण कार्यमा प्रोत्साहित गरिनेछ।
- च. बनको रक्षा,स्वास्थ्य सुरक्षा कार्यक्रम अन्तरगत ५ वटै वडाहरुमा ग्यास सिलिन्डर वितरण कार्यक्रम सम्पन्न गरिनेछ।

३) शिक्षा तथा खेलकुद सम्बन्धी नीतिः

- क. बालविकास केन्द्र सहजकर्ता विद्यालय कर्मचारीहरुको पारश्रमिकमा प्रोत्साहित हुने गरि श्रोत व्यवस्थापन गरिनेछ।
- ख. सामुदायिक विद्यालयका शिक्षकहरुको बैठक तालिम भत्ता निजामती कर्मचारीहरुकै मापदण्ड अनुरुप निर्धारण गर्ने र सरुवा भई पालिका भित्र आउने जाने शिक्षकलाई निजामती सरहकै आवत जावत खर्च उपलब्ध गराइनेछ।
- ग. विद्यालय शिक्षकहरुको मासिक तलब भत्ता मासिक रुपमै उपलब्ध गराउनका लागि कोष तथा लेखा नियन्त्रकको कार्यालय दार्चुला संग समन्वय गरि आवश्यक व्यवस्था मिलाइने छ।
- घ. विद्यार्थी र शिक्षकहरुको स्वास्थ्य सुरक्षा सुनिश्चित गर्न विद्यालयमा नै आधारभूत स्वास्थ्य जाँच गर्ने व्यवस्था मिलाइने छ।
- ङ. विद्यार्थीहरुको पठनपाठनमा सुधार ल्याउन तथा शिक्षकहरुको पेशागत विकास गर्न **हेल्लो स्कुल** कार्यक्रम संचालन गरिने छ। जसमा विद्यार्थी,अभिभावक तथा शिक्षकहरुले पठनपाठन संग सम्बन्धित विषयहरुमा गुनासो,सल्लाह सुझाव आदि गाउँपालिकाले उपलब्ध गराएको टेलिफोनमा निःशुल्क टिपाउन सक्नेछन र सो को तत्काल सुनवाइ गरिने छ।
- च. सामुदायिक विद्यालयहरुको शिक्षक विद्यार्थी अनुपातको व्यवस्थापन गर्न दरवन्दी मिलान कार्य अगाडी वढाइने छ।
- छ. गाँउपालिका क्षेत्रमा रहेका विद्यालयहरुको भौतिक संरचना निर्माण र मर्मतको कार्यक्रम लाइ निरन्तरता दिइने छ।
- ज. सामुदायिक विद्यालयहरुलाइ सुचना प्रविधि उन्मुख गराउन इ लाइव्रेरी, इ लर्निङ डिभाइस उपलव्ध गराइ शिक्षकहरुलाइ तालिमको व्यवस्था गरिने छ।

झ. विद्यालयका प्र अ र व्यवस्थापन समितिहरु सित सिकाई कार्ययोजना करार सम्झौता गरिने नीति लिइने छ।

ञ. शिक्षकहरुलाई विषयगत सिकाइ उपलब्धका आधारमा जवाफदेही बनाउने नीति अवलम्वन गरिने छ।

ट. बालविकास केन्द्रहरुको कक्षाकोठा व्यवस्थापन गरी बालविकास शिक्षाको गुणस्तर वृद्धि गर्न शिक्षकहरुलाई पुनर्ताजगी तालिम र प्रोत्साहन भत्ता व्यवस्था गरिने छ।

ठ. विद्यालयहरुमा सिकाई गुणस्तर बृदि गर्न अनुगमन तथा निरिक्षणमा जोड दिइने छ।

ड. आधारभूत तहका बालबालिकहरुको सिकाइ उपलब्धी वृद्धि गर्न बालमैत्री कक्षाकोठाको व्यवस्थापन गरिने छ।

ढ. वैकल्पिक पठनपाठनको लागि वैकल्पिक साधन प्रयोगको नीति ल्याइनेछ।

ण. सम्पुर्ण सामुदायिक विद्यालयहरुमा ब्रोडव्यान्ड इन्टरनेट जोड्न नेपाल टेलिकमसगं सहकार्य गरिने छ।

त. आधारभूत तहमा अध्ययनरत छात्रछात्राहरुलाई मापदण्ड अनुसार पोसाक र शैक्षिक सामग्री उपलब्ध गराइनेछ।

थ. २ वर्ष गाउँपालिकामा सेवा गर्ने शर्तमा, १ जना सामुदायिक विद्यालयबाट SEE उत्तीर्ण भइ MBBS प्रवेश परीक्षामा नाम निकाल्न सफल जेहेनदार विद्यार्थीलाई गाउँपालिकाले ५० प्रतिशत शिक्षण शुल्क व्यहोर्ने गरी एम वि वि एस पढाउने छ।

द. विद्यार्थीहरुमा अनुशासन ,स्वच्छ प्रतिस्पर्दा तथा स्वावलम्बि भावनाको बिकास गर्न पालिका स्तरीय खेलकुद र अन्य प्रतियोगिताआयोजना गरिने छ।

ध. अनौपचारिक तथा बिशेष शिक्षालाई आवश्यकताको आधारमा लागु गरिने छ।

न. प्राविधिक धारमा अध्ययनरत दलित छात्रछात्राहरुलाई छात्रावृतिको व्यवस्थामा निरन्तरता दिइनेछ र दलित छात्र छात्रा लाई प्रोत्सान स्वरुप छात्रवृत्ती उपलब्ध गरिनेछ।

ऩ. खेलकुदलाई व्यवस्थित गर्न पालिका स्तरीय खेलकुद समिति गठन गरी पालिका स्तरीय राष्ट्रपती खेल लगायत अन्य खेलकुद कार्यक्रमहरु संचालन गरिनेछ एवं पालिका स्तरिय खेलमैदानहरु व्यवस्थित गरिनेछ।

प. सामुदायिक सिकाई केन्द्र हरुलाई प्राथमिकताको आधारमा सूचना प्रविधि युक्त बनाईने छ।

फ. शिक्षण सिकाईमा सुधार ल्याउन र कार्ययोजना लाई अभिलेखिकरण गर्न शिक्षक तथा विद्यालय निरिक्षकले गरेको अनुसन्धानात्मक कार्यको उचित मुल्याङ्कन गरी प्रोत्सान गरिने छ।

ब. खेलकूद प्रशिक्षकहरुको व्यवस्थापन गरि विद्यालयहरुमा खेल प्रशिक्षण कार्यक्रम संचालन गरिने छ।

४) स्वास्थ्य, खानेपानी तथा सरसफाई सम्बन्धी नीतिः

क. कोभिड – १९ को रोकथाम ,नियन्त्रणका लागि आवश्यक बजेट व्यवस्थापन गरिने छ ।

ख. हिकिला स्वास्थ्य चौकीमा १० सैय्याको अक्सीजन सहितको आइसोलेशन निर्माण गरिनेछ।

ग. कोरोना रोकथाम तथा न्युनीकरणको लागि शिक्षक ,विद्यार्थी ,अभिभावक लगायत सबै पेशा ,व्यवसायमा संलग्न पेशाकर्मी र आम दुहुँवासी लाई कोरोना विरुद्धको पूर्ण खोपको सुनिश्चितता गर्न संघीय सरकारसंग पहल गरिनेछ।

घ. स्वास्थ्य सम्बन्धी सेवाहरुको स्तरीकरण र विकास गरी संघीय सरकारको नीति अनुरुप चिकित्सक सहितको १० शैय्याको अस्पताल निर्माण कार्यलाई तिव्रता दिइनेछ। साथै स्थानीय जनतामा गुणात्मक स्वास्थ्य सेवाको पहुँच विस्तार गर्न विशेषज्ञसहितको स्वास्थ्य शिविर कार्यक्रम संचालनलाई निरन्तरता दिइनेछ।

ङ. ज्येष्ठ नागरिकहरुको अनुभवको आदानप्रदान गर्न तथा समाजमा वहाँहरुले पुर्‍याउनभएको योगदानको कदर गर्नका लागि गाउँपालिकामा रहेका ज्येष्ठ नागरिकहरुलाई सम्मान गरिनेछ।

च. कोरोनाका कारण आमाबुवा दुबै गुमाएका बालबालिकाहरुलाई उचित राहतको व्यवस्था गरिने छ।

छ. विकट स्थानहरुमा सामुदायिक स्वास्थ्य केन्द्र स्थापना गर्ने र बाँकी रहेका स्वास्थ्य चौकी हरुमा ल्याव सेवा संचालन गरिने छ।

ज. स्वास्थ्यचौकी, गाँउघर क्लिनिक लगायत भौतिक संरचना निर्माण कार्यलाइ प्राथमिकतामा राखिने छ।

झ. आङ खसेका महिलाहरुको उपचारका लागि अपरेशन समेत हुने गरी बजेट व्यवस्थापन गरिने छ।

ञ. स्वास्थ्य संस्थाहरुमा औषधी आपूर्तीको अभाव नहुने गरी बजेट व्यवस्थापन गरिने छ।

ट. आयुर्वेद औषधालय, प्राकृतिक चिकित्सा, योग शिक्षा लगायत अन्य वैकल्पिक स्वास्थ्य पद्धति तथा औषधीको सम्भावना रहेको दुहु गाउँपालिकामा घुम्ती शिविरको माध्यमद्वारा जेष्ठनागरिक,एकलमहिला,असक्त र अपगंता भएका ब्याक्तिहरुलाई आर्युवेद सेवा दिइनेछ।

ठ. स्वास्थ्य चौकीको प्रसुती सेवा क्षमता अभिवृद्धि गरी गुणस्तरीय र सर्वसुलभ स्वास्थ सेवाको विस्तार गरिनेछ।

ड. बहुक्षेत्रीय पोषण कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्न २ वर्ष भित्र दुहुँ गाउँपालिकालाई पोषण मैत्री गाउँपालिका बनाइने छ।

ढ. पूर्ण संस्थागत सुत्केरी युक्त नमुना वस्ति वडा घोषण कार्यक्रम लागु गर्न पहल गरिने छ।

ण. नेपाल सरकारले अवलम्बन गरेको अनिवार्य स्वास्थ्य बिमा नीति लागु गरिने छ साथै बहुक्षेत्रीय पोषण योजनाले ईंगीत गरेका कार्यक्रमहरुलाई निरन्तरता दिइने छ।

त. धुम्रपान तथा सुर्तिजन्य पदार्थ नियमन तथा नियमन्त्रणका लागि कार्यक्रमहरु संचालन गरिने छ।

थ. महिला स्वास्थ्य स्वयमशेविकाहरुलाई मासिक रु. १०००/- थप प्रोत्साहन भत्ता दिइने छ।

५) खानेपानी तर्फः

क. गाउँपालिका भित्र खानेपानी अभाव भएका टोल बस्तीहरुमा एक घर एक धारा कार्यक्रमको निरन्तरता सहित खानेपानी तथा सरसफाई योजना अगाडी बढाइनेछ।

ख. निर्माण सम्पन्न योजनाहरुको दिगो व्यवस्थापनमा उपभोक्ता समितिहरुलाई सशक्तीकरण गरिनेछ।

ग. यस गाउँ पालिकामा विगत देखि नै संचालनमा रहेको ग्रामिण जलस्रोत व्यवस्थापन परियोजना अन्तरगत संचालित योजनाहरुलाई निरन्तरता दिदै परियोजना लाई निरन्तरताका लागि पहल गरिने छ।

घ. व्यक्तिको स्वच्छ खानेपानीको अधिकारलाई सुनिश्चित गर्न सबै खानेपानीका मुहानहरूलाई स्वतः गाउँपालिकाको स्वामित्वमा ल्याई पानीको मुहान र धाराको संरक्षण गरी एकघर एक खानेपानीको धारा निर्माण गर्ने बिगतकै नीति लाई निरन्तरता दिईएको छ।

ङ. स्वच्छ खानेपानीको दिगो व्यवस्थापनका लागि आयोजना निर्माणको क्रममा नै निश्चित रकम मर्मत सम्भार कोषमा राखी प्रत्येक उपभोक्ताले न्युनतम रकम मासिक रूपमा जम्मा गर्नु पर्ने नीति लिदैँ खानेपानी आयोजनाहरू उपभोक्ता समितिलाई हस्तान्तरण गरिनेछ साथै दिगोपनालाई संस्थागत गर्नका लागि मर्मत संम्भार कार्यकर्ता राखी काममा लगाउने नीति लिईने छ।

च. एक घर एक शौचालयको अवधारणालाई कडाइका साथ पालना गराउँदै आफ्नो घर अगाडि आफैले सरसफाइ गर्नुपर्ने अवधारणाको विकास गर्ने गतवर्षकै नीतिलाई निरन्तरता दिइएको छ र अतिआवश्यक ठाउँमा सार्वजानिक शौचालय निर्माण गरिने छ ।

छ. पालिका भित्र रहेका विभिन्न सार्वजानिक स्थानहरुमा पुनः भरण टैंकी (Recharge Pond) निर्माण गर्ने नीति अवलम्बन गरिने छ ।

ज. वाड नं २ हिकिला चेरमथी खापा र वाडनं ३ ढौडया खापा आयोजना यसै आव देखि सुरु गरि आव २०७९।०८० मा सम्पन्न गरिनेरछ ।

झ. वजारकेन्द्रको रुपमा विकास भईरहेका स्थानहरु, वडा केन्द्रहरुमा उत्पादन हुने फोहर व्यवस्थापनको गर्न फोहर व्यवस्थापन समिती गठन गरिने छ र उक्त केन्द्रहरुलाई स्वच्छ सफा र हरियाली युक्त वनाउने कार्य सवै उपभोक्ताहरुको हुने छ भन्ने बिगतको नीतिलाई निरन्तरता दिईने छ ।

ञ. पानीका मुहान संरक्षणका साथै पानीका स्रोतको सञ्चिती बढाउन पहल गरिने छ ।

६) महिला तथा बालबालिका सम्बन्धी नीतिः

क. विकास आयोजनाहरूको निर्णय प्रकृया र कार्यन्वयनमा महिला सहभागीता सुनिश्चितता कायम गर्दै लैगिंक सशक्तिकरण तथा सामाजिक समावेशीकरण नीति अनुरूप महिलाको आर्थिक तथा सामाजिक शसक्तिकरणका लागि कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

ख. आत्मनिर्भर नारी दुहुँको चिनारी कार्यक्रम अन्तरगत महिलाहरुलाई आयमुलक कार्यक्रमहरुमा संलग्न गराइनेछ ।

ग. अनाथ बालबालिकाको आश्रम स्थलको रुपमा तथा पालन पोषणका लागि एउटा अनाथालय स्थापना गरिनेछ ।

घ. लैगिंक हिंसा र मानव वेचविखन जस्ता सामाजिक अपराध जन्य कार्यलाई नियन्त्रण र निरूत्साहित गर्ने नीति लिइनेछ ।

ङ. बालमैत्री पूर्वधारहरूको विकास गर्दै नेपाल सरकारले ल्याएको बाल मैत्री स्थानीय शासनको अवधारणा अनुरूप स्थानीय तह तथा सरोकारवालाहरूको समन्वयमा बालश्रम मुक्त दुहुँ गाउँपालिका बनाउने नीति लिइने छ ।

च. बालबालिकाहरूको पोषण, हेरचाह बालश्रम,वालविवाह न्युनीकरण तथा असाहय बालबालिकाको संरक्षण गर्ने नीति लिइनेछ ।

छ. एकल महिला सशक्तिकरण कार्यक्रम लागु गरिने छ । साथै रोजगारमुखी कार्यक्रममा उनिहरुलाई समावेश गर्ने नीति अवलम्बन गरिने छ ।

ज. महिला माथि हुने सबै खाले हिंसा अन्त्यका लागि महिला सशक्तिकरण कार्यक्रम लागु गरिने छ ।

झ. समान कामका लागि समान ज्यालाको नीति अनुरुप रोजगारीको क्षेत्रमा समान अवसर प्रदान गरिने छ ।

ञ. गाउँपालिकाद्बारा संचालित उपाध्यक्ष स्वरोजगार कार्यक्रममा ३३ प्रतिशत महिलाको सहभागिता गरिने छ ।

७) दलित,अपाङ्गता, जेष्ठ नागरिक सम्बन्धी नीतिः

क. विपन्न दलितहरुको सुरक्षित आवास निर्माण गर्न विपन्न दलित आवास सहयोग सहयोग कार्यक्रम अगाडी बढाइनेछ ।

ख. महिला, दलित, अपाङ्ग, जेष्ठनागरिक लक्षित कार्यक्रमलाइ सशक्तिकरण र आयआर्जनमा योगदान पुग्ने गरि संचालन गरिने छ ।

ग. जातीय आधारमा हुने छुवाछुत, भेदभाव र विभेदहरूलाई न्युनीकरण गर्दै विभेद मुक्त दुहुँ गाउँपालिका निर्माण गर्न जनचेतना मुलक कार्यक्रम गरिने छ ।

घ. दलित र अपाङ्गगता भएका व्यक्तिहरुको समानुपातिक प्रतिनिधित्वको सुनिश्चितता गर्दै लक्षीत वर्गको सामाजिक तथा आर्थिक उन्नतीको लागि कार्यक्रमहरु सञ्चालन गरिनेछ यस क्षेत्रका युवाहरुलाई स्वरोजगार र सरकारी सेवामा पहुचकालागि सिपमुलक तालिमको व्यवस्था गरिने छ ।

ङ. कृषि प्राविधिक विद्यालयमा अध्ययनरत दलित छात्र छात्राहरुलाई छात्रावृती उपलब्ध गराई प्रोत्साहित गरिने छ ।

८) सामाजिक विकास सम्बन्धी नीतिः

क. दुहुँ गाउँपालिकामा राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर–सरकारी संस्थाहरु,नीजि क्षेत्र र र गाउँपालिका सँगको सहकार्यमा कार्यक्रमहरु संचालन गर्न प्रोत्साहन गरिनेछ । गैरसरकारी संस्थाहरूको कार्यमा हुन सक्ने दोहोरोपन हटाउन, समन्वय र सहकार्य अभिबृद्धि गर्न गाउँपालिकाले विशेष संयन्त्र बनाउने नीति अवलम्वन गरिने छ ।

ख. सहकारी संस्थाहरुको क्षमता बिकास गर्न प्रवर्धनात्मक कार्यक्रम संचालन गरिनेछ, वचत परिचालन तथा आय आर्जन क्षेत्रमा सहकारी संस्थाहरु सित सहकार्य गरिने छ ।

ग. वचत कार्यलाइ प्रोत्सान गर्न एक घर एक खाता कार्यक्रम लागु गरिने नीति लिइने छ ।

९) विद्युत/उर्जा संचार सम्बन्धी नीतिः

क. साना जलविद्युत योजनाहरुलाइ व्यवस्थित र नियमन गरिनेछ, राष्ट्रिय विद्युत प्रसारण लाइन विस्तारलाई निरन्तरता दिइने छ ।

ख. दुहुँ गाँउपालिका वार्ड नं. १ पिपलचौरीमा एल.टी. लाइन विस्तार भएको र सुत्खोला लगायत अन्य वडाहरुमा यथाशिघ्र विद्युत विस्तार गर्न पहल गरिने छ ।

ग. दुहुँ व्याँसमा संचालित एफ एम रेडियोलाई प्रभावकारी रुपमा संचालन गर्न सहयोग गरिने छ ।

घ. दम्दाकोट टावरमा 4G लाइन जडान भएको छ र थप प्रभावकारी बनाउन आवश्यक पहल गरिनेछ ।

ङ. दुहुँ गाउँपालिका भित्र वायु उर्जा प्रणाली विकासका लागि सम्भाव्यता अध्ययन गरिने छ ।

१०) पर्यटन प्रवर्द्धन तथा धार्मिक एवं सास्कृतिक नीतिः

क. गाउँपालिकाको गुरुयोजना अनुसार प्रर्यटकीय पूर्वाधार निर्माण गर्न नीति अवलम्बन गरिने छ ।

ख. पाठ्यक्रमा बिकास केन्द्रले सुदुरपश्चिमका पर्यटकिय स्थलहरु शिर्षकमा सिद्ध टोपी क्षेत्रलाइ कक्षा ६ को नेपाली बिषयको पाठ्य वस्तुमा समावेश गरेको शुभ उपलक्ष्यमा सज्जनहरुको वस्ती दुहुँमा स्वागत नाराका साथ सिद्ध टोपी म्याराथुनको आयोजना गरिनेछ ।

ग. दुहुँ क्षेत्रको धार्मिक सास्कृतिक प्रर्वधन गर्न लागत सहभागिताको आधारमा मठमन्दिर जिर्णोद्वार, भेष, भुषा, कला संस्कृति संरक्षण कार्यक्रम संचालन गरिने छ दुहुँ गाउँपालिकामा सबै संस्कृति,परम्परा,भेष भुषा र पहिचान झल्कने गरी कार्यक्रमको आयोजना गरिने छ ।

घ. पर्यटकीय स्थल मार्ग र वरिपरिको क्षेत्रमा होम स्टे पाहुना घर निर्माण गर्ने र पर्यटक मैत्री गाउँपालिका बनाउन पहल गरिने छ ।

ङ. सार्वजनिक निजी साझेदारीमा पर्यटकीय क्षेत्रहरूमा प्रकृतिमैत्री होटल, लज, रिर्सोट खोली प्राकृतिक स्वच्छता र सौन्दर्यता पर्वर्द्धनार्थ विशेष नीति तथा कार्यक्रम लिइएको छ ।

च. पर्यटन व्यवस्थापनको लागि आवश्यक नियम कानुन तर्जुमा गरि पर्यटन व्यवस्थापन समितिलाई प्रभावकारी बनाइनेछ । पर्यटकीय क्षेत्रहरुको व्यापक प्रचार प्रसारको नीति अवलम्बन गरिने छ ।

छ. दुहुँ गाउँपालिका भित्रपर्ने ऐतिहासिक,पुरातात्विक सांस्कृतिक,धार्मिक, सम्पदाहरूको अध्ययन अनुसान्धान गरी संरक्षण तथा प्रवर्द्धन गर्ने नीति लिइने छ ।

ज. यस गाउँपालिका भित्रका मठमन्दिर हरुमा मन्दिर व्यवस्थापन समिति गठन गरी मन्दिरको आम्दानिलाई व्यवस्थित गराईने छ । मन्दिर हाता भित्र भौतिक पुर्वाधार निर्माण लगायतका अन्य कार्यहरु सोही समिति संगको साझेदारीमा सम्पन्न गर्ने नीति लिइएको छ ।

११) सुशासन सम्बन्धी नीतिः

क. सुशासनका आधारभूत पक्षहरू उत्तरदायित्व, जवाफदेयिहता, पारदर्शीता, जनसहभागीता र सामाजिक भावनालाई प्रर्वद्धन गर्दै सेवाग्राहीहरूलाई सुशानसनको अनुभूती दिलाउन गाउँपालिका तथा वडाहरूबाट प्रदान गरिने सेवा प्रवाह तथा सञ्चालित आयोजनाहरू तथा कार्यक्रमहरूको सार्वजनिक सुनुवाई, आयोजना स्थलमै भुक्तानी(सार्वजनिक लेखापरिक्षण) परिक्षण सामाजिक परिक्षणलाई निरन्तरता दिदै कामका आधारमा रकम भुक्तानी गरिने नीति लाई निरन्तरता दिएको छ ।

ख. सेवा प्रवाहलाई चुस्त दुरुस्त परिणाममूखी र प्रभावकारी बनाउन आवश्यक कानुन बनाई कर्मचारीहरुलाई मौद्रिक तथा गैर मौद्रिक प्रोत्साहन दिइने छ ।

ग. राज्यको चौथो अंग पत्रकारिता मार्फत जवाफदेहिता,अनुगमन, सार्वजनिकरण तथा पारदर्शिता कायम गर्ने बिगतको नीति अगाडी सारिने छ।

घ. गाउँपालिका र अन्तरगतका वडाहरुबाट दिइने सेवामा आधुनिक सूचना प्रविधिको प्रयोग गरि सेवालाई छिटोछरितो र प्रभावकारी बनाइनेछ । गाउँपालिकाको वेव साईट र अन्य डिजिटल माध्यम वाट गाउँपालिकाको विस्तृत विवरण तथा सुचनाहरु सार्वजनिक गर्ने प्रक्रियालाई थप सुदृढिकरण गर्दै लगिने छ ।

ङ. गाँउपालिकाको न्याय सम्पादनकार्यलाइ प्रभावकारी वनाउन न्यायिक समितिको क्षमता अभिवृद्धि गर्ने कार्य लाई निरन्तरता दिइने छ । र न्यायिक कार्य सम्पादन गर्न एकजाना कानुनी सल्लाहाकारको व्यवस्थापन गरिने छ ।

च. गाउँपालिका मातहतरहेका कार्यालयहरुमा कर्मचारीहरुको प्रभावकारी व्यवस्थापन गरी जनमुखी प्रशासनको प्रत्याभुती दिने कार्य निरन्तर गरिने छ ।

छ. कर्मचारीहरु तथा जनप्रतिनिधीहरुका लागि क्षमता विकास तालिम,पुनर्ताजकी तालिम व्यवस्था गरिने छ ।

ज. कार्यसम्पादनमा प्रभावकारीता ल्याउन कर्मचारीहरुका लागि दण्ड पुरुष्कारको नीति प्रभावकारी रुपमा लागु गरिने छ।

झ. तेस्रो पक्षवाट गरिने सार्वजनिक सुनवाई, सार्वजनिक लेखा परीक्षणकार्यलाइ चौमासिकरुपमा निरन्तर संचालन गरिने छ।

ञ. गाँउपालिकाले गरेका निर्णयहरु तथा क्रियाकलापहरु आमजनतामा सहज सम्प्रेषण गर्न पालिकाको वेवसाइट नियमित अद्यावधिक गर्ने, गाउँपालिका तथा वडाकार्यालयहरुको सूचनापाटीलाइ नियमित अद्यावधिक गर्नेकार्यलाइ व्यवस्थित गरिने छ। आर्थिक वर्षका सम्पुर्ण कार्यक्रमहरु बजेट सहित गाउँपालिकाको वेभसाइट मार्फत सार्वजानिक गरिने छ।

ट. राजस्व परिचालनलाइ प्रभावकारी वनाउन करदाता अभिमुखीकरण, प्रोत्सान तथा दण्ड पुरुस्कारको व्यवस्थापन गरिने छ।

ठ. प्रत्येक आर्थिक वर्षको अन्त्यमा पालिकास्तरबाट संचालित कार्यक्रमहरुको कार्यप्रगतिका साथै वृस्तृत जानकारी सहितको पार्श चित्र निर्माण गरि सम्पुर्ण सरकारी तथा गैर सरकारी कार्यालय,प्रदेश र संघिय कार्यालयहरुमा समेत उपलब्ध गराइने छ।

ड. बजार अनुगमन तथा व्यवस्थापनलाई वर्षमा तीन पटक गर्ने गरी कार्य प्रारम्भ गरिने छ।

ढ. नव नियुक्त कर्मचारीहरुको क्षमता विकास गर्नका लागि तालिमको व्यवस्थापन गरिने छ। कर्मचारीहरुको आचारसंहिता निर्माण गरि कामको मुल्याङ्कनको आधारमा पुरुष्कार र दण्डको व्यवस्था गरिने छ।

ण. छिटो छरितो सरल र प्रभावकारी सेवा प्रभावका निम्ती कर्मचारीहरुका लागि श्रोत साधनको व्यवस्था गरिने छ ।

त. कर्मचारीहरुको त्रैमासिक रुपमा कार्य प्रगति समिक्षा गरिनुका साथै कार्य विवरण सहित कामको बाँडफाँड गरिने कार्य अगाडी बढाइने छ।

थ. संगठन विकास तथा व्यवस्थापन सर्वेक्षण (O & M) गर्ने कार्य यस वर्ष प्रारम्भ भएको छ। आगामी आ.व. मा सम्पन्न गरिने छ।

द. व्यवसाय दर्ता प्रकृयालाई अनिवार्य गरी सबै व्यवसायीलाई यस प्रति सचेत गराइने छ।

१२) भौतिक पूर्वधार सम्बन्धी नीतिः

क. पालिका भित्र निर्माणाधिन भौतिक संरचनाहरु यथासमय भित्र गुणस्तर सुनिश्चितता सहित सम्पन्न गर्ने नियन्त्रण ,अनुगमन र सहजिकरण गरिने छ।

ख. गाउँपालिका भित्र सरकारी,गैर सरकारी र व्याक्तिगत पहलमा निर्माण गरिने घर गोदाम भवन हरुमा नेपाल सरकार बाट जारी गरेको भवन संहिता आगामी आ.व. देखि कडाइका साथ लागु गरिने छ।

ग. स्थानिय स्तरमा दररेट तयार गर्दा भौगोलिक सुगमता र दुर्गम क्षेत्रको ढुवानी सम्वन्धी व्यवस्था मिलाईने छ।

घ. दार्चला तिंकर सडकको स्तरोन्नतीका लागि सम्बन्धित निकायमा आवश्यक पहल गरिने छ, दुहुँ गाउँपालिका सम्मको यातायातलाई सहज बनाउन आवश्यक वजेट विनियोजन गर्न सम्बन्धीत निकायलाई अनुरोध गरिने छ।

ङ. एकिकृत भु–उपयोग योजना निर्माण गरिने छ।

च. जोखिमयुक्त बस्तिहरुको तथ्याङ्क संकलन गरिने छ।

छ. पालिका भित्र रहेका सार्वजानिक जग्गाहरुको पहिचान गरी अभिलेख राखिने छ।

ज. भवन आचारसंहिता तथा मापदण्ड निर्देशिका निर्माण गरी कार्यान्वयन गरिने छ।

झ. गाउँपालिका स्तरीय बसपार्क र हेलीप्याड निर्माण कार्यको सम्भाव्यता अध्ययन गर्ने कार्य अगाडी बढाइने छ।

ञ. हेल्भिटाससंगको सहयकार्यमा मागको आधारमा आवश्यक झो.पु. निर्माण गरिने छ।

१३) मुख्य मुख्य आयोजना र क्रियाकलापहरुः

क. उपाध्यक्ष युवा स्वरोजगारी कार्यक्रमलाई थप परिमार्जन सहित निरन्तरता दिइने छ। र कोभिड – १९ का कारण रोजगारी गुमाएका व्यक्तिहरुलाई उपाध्यक्ष युवा स्वरोजगारी कार्यक्रममा जोडिने छ।

ख. **गाँउपालिका अध्यक्ष सडक निर्माण कार्यक्रमः**जोशी गाँउ फारा सडक तथा हिकिला सिद्धटोपी सडकलाई प्राथमिकतामा राख्दै थप सडकहरुको निर्माण कार्य समेत अगाडी बढाइने छ।

ग. **बनको रक्षा,स्वास्थ्य सुरक्षा** कार्यक्रम अन्तरगत ५ वटै वडाहरुमा ग्यास सिलिन्डर वितरण कार्यक्रम सम्पन्न गरिने छ।

घ. बाल विकास सहजकर्ता विद्यालय कर्मचारीहरुको पारश्रमिकमा थप प्रोतसाहन गरिने छ।

ङ. सामुदायिक विद्यालयबाट एस.इ.ई. पास गरि एम. वि. वि.एस. अध्ययनका लागि नाम निकाल्न सफल एकजना विद्यार्थीलाई एम. वि. वि.एस. अध्ययन गर्न ५० प्रतिशत पढाई खर्च पालिकाले मापदण्ड तयार गरि उपलब्ध गराउने छ।

च. विद्यार्थीहरुको पठनपाठनमा सुधार ल्याउन तथा शिक्षकहरुको पेशागत विकास गर्न **हेल्लो स्कुल** कार्यक्रम संचालन गरिने छ।

छ. गाउँपालिका भित्रका विपन्न दलित नागरिकहरुको आवास निर्माण गर्न **विपन्न दलित आवास कार्यक्रम** लागु गरिने छ।

ज. सामुदायिक विद्यालयका शिक्षकहरुको बैठक, तालिम भत्ता र सरुवा आवत जावत भत्तामा प्रोत्साहन हुने गरि व्यवस्था गरिने छ।

झ. विद्यालय शिक्षकहरुको मासिक तलब भत्ता मासिक रुपमै उपलब्ध गराउन आवश्यक समन्वय गरिने छ।

ञ. हिकिला स्वास्थ्य चौकीमा १० सैय्याको अक्सीजन सहितको आइसोलेशन निर्माण गरिनेछ।

ट. धारी स्वास्थ्य चौकीमा निर्माणाधिन १० शैय्याको अस्पताल निर्माण कार्यलाई तिव्रता दिइनेछ।

ठ. युवा फर्क माटो तिर कार्यक्रमको माध्यम द्वारा युवाहरुलाई वडा वडाहरुमा संभाव्यताको आधारमा कृषि र पशुपालनमा सहभागी गराई स्वरोजगारी सृजना गरिनेछ।

ड. आत्मनिर्भर नारी दुहुँको चिनारी कार्यक्रम अन्तरगत महिलाहरुलाई आयमुलक कार्यक्रमहरुमा संलग्न गराइनेछ।

ढ. व्यवसायिक कृषि उत्पादनमा संलग्न कृषकहरुले उत्पादन गरेका उपजहरु बजारीकरणका लागि पहिचान सहितको ढुवानी अनुदान उपलब्ध गराइ प्रोत्साहन गर्ने नीति अवलम्वन गरिनेछ।

ण. पाठ्यक्रमा बिकास केन्द्रले सुदुरपश्चिमका पर्यटकिय स्थलहरु शिर्षकमा सिद्ध टोपी क्षेत्रलाइ कक्षा ६ को नेपाली बिषयको पाठ्य वस्तुमा समावेश गरेको शुभ उपलक्ष्यमा सज्जनहरुको वस्ती दुहुँमा स्वागत नाराका साथ सिद्ध टोपी म्याराथुनको आयोजना गरिनेछ।

दुहुँ गाउँपालिका

त. दुहुँ गाउँपालिका युवाहरुलाई सरकारी सेवामा प्रतिस्पर्धी बनाउन शिक्षक सेवा आयोग,लोकसेवा आयोग,नेपाली सेना,नेपाल प्रहरी सेवा तयारी अभिमूखिकरण कक्षा संचालन गरिने छ।

थ. तरकारी पकेट,फलफूल पकेट,बाख्रा पकेट,क्षेत्र विस्तार गरि कृषकहरुलाई व्यवसायिकता तिर प्रोत्साहित गरिने छ।

द. कोभिड -१९ का कारण आमा बुवा गुमाएका बालबालिकाहरुलाई पठनपाठनको लागि राहत उपलब्ध गराइने छ।

ध. सुनौलो १००० दिने आमा तथा किशोरी हरुलाई लक्षित पोषण कार्यक्रम संचालन गरिने छ।

न. पालिका स्तरमा सार्वजानिक पुस्तकालय बाचनालय स्थापना गरिने छ।

ऩ. गाउँपालिकाद्वारा विगतमा संचालित सुपथ मुल्य पसलहरुको खारेजी गरि कार्यविधि संशोधन गरि सुपथ मुल्य पसल संचालन गरिने छ।

प. १- ५ मा अध्ययनरत छात्रछात्राहरुलाई विद्यालय पोसाक र शैक्षिक सामग्री उपलब्ध गराइने छ।

फ. बाढी पहिरो लागायतका दैविय विपद रोकथाम गर्न संरक्षणात्मक कार्यक्रम संचालन गरिने छ।

ब. बाढी पहिरोको जोखिममा रहेका बस्तीहरु विस्थापनको लागि संघ र प्रदेश सरकारसंग समन्वय गरि आवश्यक व्यवस्थापन गरिने छ।

भ. दुहुँ बिकास गरुयोजनाःदुहुँ विकास गुरु योजना निर्माण भै सकेकोले तिव्रताका साथ यसको कार्यान्वयन गरिने छ।

म. आङ खसेका महिलाहरुको आङको उपचारमा अपरेसन समेत हुने गरि आवश्यक रकम विनियोजन गरिने छ।

य. महिला स्वास्थ्य स्वयमशेविकाहरुलाई मासिक रु. १०००/- थप प्रोत्साहन सुविधा दिइने छ।

र. प्रधानमन्त्री रोजगार कार्यक्रममा सुचिकृत भएका बेरोजगारहरुलाई पालिका स्तरीय अन्य योजनाहरुमा प्राथमिकताका साथ काममा लगाइने नीति लिइने छ।

अन्तमा, विश्वभर फैलिरहेको कोरोना भाइरसको दोस्रो भेरियन्टको प्रभावबाट हामी पनि अछुतो रहन सकिरहेका छैनौ यस रोगबाट लड्नको लागि हामीमा उच्च दृढशक्ति,सकारात्मक सोच,समाजिक दुरीको आवश्यकता पर्दछ। यी सबै उपायहरु अवलम्बन गरेमा अवश्यनै कोरोना माथि विजय प्राप्त गर्न सकिने छ भन्ने अपेक्षाका साथ विदा हुन्छु।

Stay Safe ! Stay Healthy !

धन्यवाद !